# आवेदन निर्देशिका

## बाल चलचित्र समिति




*यो निर्देशिकाले यस अवसरका मुख्य बुँदाहरू समेटेको छ। यो अवसर तपाईंका लागि हो कि होइन भनेर निर्णय गर्न सघाउनका लागि हामीले केहि प्रश्न र उत्तरहरू संकलन गरेका छौं, जसले तपाईंलाई यो कार्यक्रम, यसका उद्‌देश्य र लक्ष्यका बारेमा स्पष्टता दिनेछन्, र विस्तृत विवरणका बारेमा सान्दर्भिक जानकारी दिनेछन्।*

*यो दस्तावेजको अन्त्यमा हामीले आवेदनमा भएका प्रश्नहरू राखेका छौं, जुन तपाईंले आवेदन भर्नु भन्दा अगाडि एकचोटि हेर्न सक्नुहुन्छ। तपाईंले अनलाइन फारम प्राप्त गर्न सक्नुभएन भने वर्ड (MS Word) फाइलमा यी प्रश्नको उत्तर लेखेर हामीलाई इमेल गर्न पनि सक्नुहुन्छ, विषयमा CFS Workshop Application_[तपाईंको नाम] (Subject: CFS Workshop Application_[your name])*

***राख्नुहोस्। सीमित स्थानहरू मात्र छन् र छनोटको प्रकृया प्रतिस्पर्धात्मक हुनेछ। यो निर्देशिकाले तपाईंलाई सफलतापुर्वक आवेदन दिनका लागि तयार गर्नेछ भन्ने हामी आशा गर्दछौं। शुभकामना!***

## बाल चलचित्र समिति के हो?

बाल चलचित्र समितिक चलचित्र विकास कोर्ड र ब्रिटिश काउन्सिलको एउटा पहल हो। यसले देशभरका बालबच्चालाई चलचित्रको शक्तिसँग परीचित गराउने उद्देश्य राखेको छ। बालबच्चा, शिक्षक, प्रशिक्षक र अरू सरकोकारवालालाई चलचित्र निर्माण, चलचित्रको ईतिहास, प्रशिक्षण र अरू श्रोतसाधनसँग परीचित गराउने उद्देश्यले सन् २०२२ मा यसको स्थापना गरिएको थियो। यसलाई इन्टु फिल्म, युकेको बाल चलचित्र सम्बन्धी कार्यक्रम क्यामरा सिकले मार्गनिर्देशन गरेको छ।

## बाल चलचित्र के हो?

बाल चलचित्र भनेको १८ वर्ष मुनिका युवाले बनाएको चलचित्र हो। क्यामरा सिकसँग नेपालका यस्ता केहि चलचित्रको संकलन छ, तपाईं ती चलचित्र यहाँ हेर्न सक्नुहुन्छ।

बाल चलचित्र समाज अन्तर्गत वयस्कहरूले बालबच्चाका लागि बनाएका चलचित्र पनि पर्दछन्, तर यस अवसर अन्तर्गत हामी प्रशिक्षकहरूलाई युवाहरूको चलचित्र निर्माणमा सहजीकरण गर्न सघाउन चाहन्छौं।

## बाल चलचित्र प्रशिक्षकको तालिम के हो?

यो क्यामरा सिक परियोजनासँग नेपालमा बालबच्चासँग काम गरिरहेका विज्ञहरूले सहजीकरण गरेको तीन दिने तालिम हो। तालिमका क्रममा सहभागीहरूले नेपालका लागि तयार गरिएको पाँच दिने पाठ्यक्रमको अध्ययन गर्नेछन्। उनीहरूले व्यवहारिक अभ्यास र सहकार्यात्मक भावनाका माध्यमबाट सुरक्षित स्थानको श्रृजना गर्न सिक्नेछन्। तालिम अन्तर्गत सन् २०२०-२०२२ मा नेपाल, युके र दक्षिण एशियाका युवाहरूले बनाएका बाल चलचित्र हुनेछन्।

यो प्रशिक्षण २७-२९ जेष्ठ २०७९ मा (शुक्रबारदेखि आईतबार सम्म) हुनेछ। तालिम प्रत्येक दिन १०-५ को अवधीमा हुनेछ र बीचमा विश्रामहरू हुनेछन्।

## **प्रशिक्षक भनेका को हुन्?**

प्रशिक्षकहरू ती विज्ञ हुन् जोसँग बाल चलचित्र निर्माणलाई सहजीकरण गर्नका लागि आवश्यक सीप, अभिप्रेरणा र दक्षता छ।

## बाल चलचित्र प्रशिक्षक सत्रहरूमा के के कुरा समेटिनेछन्?

सहजकर्ताले थुप्रै विषय र सन्दर्भहरू समेट्नेछन्। प्रशिक्षण र सुरक्षाप्रति समर्पित सत्रहरू हुनेछन्। बीचबीचमा थुप्रै सामूहिक कार्य, चलचित्र प्रदर्शन, र छलफल हुनेछन्। हामी छनोट गरिएका प्रतिस्पर्धीहरूसँग इमेलमा तालिमको खाका बाँड्नेछौं।

## तालिम र प्रशिक्षणका सत्रहरू कसरी सञ्चालन गरिनेछन्?

यो तालिम भौतिक रूपमा उपस्थित हुनुपर्ने कार्यक्रम हो। यो काठमाण्डुको चाबहिलस्थित चलचित्र विकास बोर्डमा सञ्चालन गरिनेछ। तालिम पछि भर्चुअल रूपमा सल्लाहहरू जारी रहनेछ।

## सहजकर्ताहरू को हुन्?

तीन दिने तालिममा सहजकर्ताहरूको एउटा टोलीले सत्रहरू सञ्चालन गर्नेछ। यस अन्तर्गत नेपाल र युकेका विज्ञहरू पर्नेछन्। प्रमुख सहजकर्ताहरू इन्टु फिल्म, युकेबाट तालिम प्राप्त प्रशिक्षक हुन् जसले सन् २०१९ देखि क्यामरा सिक परियोजनामा काम गरिरहेका छन् र चलचित्रमा युवाहरूसँग काम गरेको अनुभव बटुलेका छन्।

## क्यामरा सिक के हो?

क्यामरा सिक नेपालमा ब्रिटिश काउन्सिल र इन्टु फिल्म (युके)ले चलचित्र विकास बोर्डको सहयोगमा शुरू गरेको एउटा परियोजना हो। तीन वर्षको अन्तरालमा यो परियोजनाको परीक्षणले एक दर्जन भन्दा बढि विद्यालय र सयौं बालबच्चालाई बाल चलचित्रसँग परीचित गराएको छ। यसले १४ जना प्रशिक्षकलाई तालीम दिएको छ र नेपालमा बाल चलचित्रको बढ्दो संकलन तयार गरेको छ। तीन वर्षमा यो परियोजना पनि बिस्तारै परिवर्तन भएको छ र अब यसले बाल चलचित्र समितिका उद्देश्यहरू अघि बढाउने आधार बन्ने लक्ष्य लिएको छ। क्यामरा सिक इन्टु फिल्मको क्यामरा सिक कार्यक्रममा आधारित छ, जुन संसारका विभिन्न देशमा सकृय छ।

क्यामरा सिक (नेपाल) का बारेमा अझ बढि जान्नुहोस्

क्यामरा सिक (युके) का बारेमा अझ बढि जान्नुहोस्

सन् २०२१ का जलवायु परिवर्तन सम्बन्धी चलचित्र यहाँ हेर्नुहोस्

Learn more about Camera Sika (Nepal)

Learn more about Camera Chica (UK)

Watch Climate Change Films from 2021 here

## युवा चलचित्र प्रशिक्षकको अवसरले कसरी बाल चलचित्र समितिका लक्ष्यलाई अघि बढाउँछ?

३० जना सम्मलाई तालीम दिइनेछ। यी प्रशिक्षकसँग आफ्नो समुदाय/स्थानमा बाल चलचित्रलाई प्रवर्द्धन गर्नका लागि सीप र पहुँच हुनेछ। यी प्रशिक्षकलाई बाल सहकार्यकर्तासँग मिलेर व्यक्तिगत परियोजनामा काम गर्नका लागि बाल चलचित्र समितिले श्रोतसाधन, मञ्च, र सामाजिक सम्पर्कहरू प्रदान गरिरहनेछ। यो प्रकृयाले यो राष्ट्रिय कार्यक्रमलाई स्वतन्त्र चलचित्रकर्मीले दिगो रूपमा अघि बढाउन

सक्छन् भन्ने कुरा सुनिश्चित गर्नेछ, जसका कारण देशभर नयाँ चलचित्रकर्मीले थुप्रै बाल चलचित्र बनाउने छन्। निकट भविष्यमा अरू पनि कार्यशालाको योजना बनाइएको छ।

## यो अवसरका लागि कसले आवेदन दिन पाउनेछन्?

हामी कुनै पनि क्षेत्रमा सकृय पेशेवर व्यक्तिहरू खोजिरहेका छौँ जो सञ्चार, समुदायिक विकास र रचनात्मक शिक्षामा काम गरिरहेका छन्। चलचित्र, कला शिक्षा वा अरू रचनात्मक क्षेत्रमा अनुभव हुनु आवश्यक छैन, तर भएमा त्यसले सघाउन सक्छ। यो तालिमले तपाईंको व्यक्तिगत वा पेशागत महत्वाकांक्षामा कसरी योगदान दिन्छ भन्ने सामान्य खाका दिने सक्ने मानिस हामी खोजिरहेका छौँ।

## मसँग चलचित्र निर्माणको अनुभव छैन। के तैपनि मैले आवेदन दिन मिल्छ?

हो, दिन मिल्छ। सामाजिक सञ्जाल र सेल्युलर फोनको प्रयोगले गर्दा आज हामी मध्ये अधिकांश सञ्चारसँग परीचित छौँ। आधारभूत बुझाई पर्याप्त छ। बाल चलचित्र प्रशिक्षकले बालबच्चालाई चलचित्र निर्माणमा गर्न कसरी सिकाउने भन्ने कुरामा सुनिश्चित हुनुपर्छ, उनीहरू आफैंले चलचित्र बनाउनु पर्दैन। हामीले तालिममा चलचित्र निर्माणका आधारभूत पक्ष समेट्ने छौँ तर गहिराइमा जाने छैनौँ।

## सहभागीबाट के अपेक्षा गरिएको छ?

चुनिएका सहभागीले सबै सत्रमा भाग लिने प्रतिबद्धता जनाउनु पर्छ। बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म् तालिम हुनेछ र बीचमा जलपानका लागि विश्राम हुनेछन्। तपाईंले लामो दूरीको यात्रा गर्नुपर्ने हो भने तपाईं छनोट हुनुभएपछि बाल चलचित्र समितिको टोलीलाई यसका बारेमा अवगत गराउनुहोला।

चुनिएका सहभागीले प्रहरी प्रतिवेदन (पुलिस रिपोर्ट) उपलब्ध गराउनु पर्ने हुनेछ र आवेदनमा आफु नेपाल वा विदेशमा कुनै अपराधका लागि दोषी पाइएको छैन भनेर स्वघोषणा गर्नुपर्ने हुनेछ। सुरक्षा सम्बन्धी जोखिमको व्यवास्थापन गर्नका लागि यस्तो गर्नुपर्ने हुन्छ। सुरक्षाका बारेमा अझ बढि जान्नका लागि तल पढ्नुहोस्।

[नेपाली नागरिकले प्रहरी प्रतिवेदनका लागि यहाँ आवेदन दिन सक्नेछन्]

## सुरक्षा भनेको के हो?

सुरक्षा भनेको जोखिममा रहेका मानिसलाई कुनै हानी वा दुर्व्यवहारबाट जोगाउनु हो। यस अन्तर्गत बालबच्चा र जोखिममा रहेका वयस्क पनि पर्दछन् (विभिन्न् सामाजिक-साँस्कृतिक र आर्थिक कारणले गर्दा केहि मानिस दुर्व्यवहार र शोषणबाट अरूभन्दा बढि जोखिममा हुन्छन्)। यस्ता घटनाप्रति बाल चलचित्र समितिको शून्य सहनशीलता छ र बाल चलचित्र प्रशिक्षकले हाम्रा मूल्यको अनुशरण गर्दै बालबच्चालाई सिक्नका लागि सुरक्षित स्थान दिनेछन् भन्ने आशा राखेको छ।

## के मैले सहभागिताका लागि कुनै शुल्क तिर्नुपर्छ?

बाल चलचित्र प्रशिक्षकको तालीम निःशुल्क हो। यो दिनभरीको कार्यक्रम अन्तर्गत दिउँसोको खाना र जलपान पनि हुनेछन्। हामीले काठमाण्डु उपत्यका बाहिरका सहभागीका लागि यातायात, खाना र आवासको खर्च पनि समेट्नेछौं। काठमाण्डुका बासिन्दाले चाबहिलस्थित चलचित्र विकास बोर्डमा जानुपर्ने हुनेछ। हामी आवश्यकता अनुसार मात्र यातायात खर्च दिनेछौं।

## के मलाई तालिमका लागि कनै प्राविधिक उपकरण चाहिन्छ?

तपाईंलाई सहभागी हुनका लागि कुनै उपकरण चाहिँदैन। तर कार्यशाला सत्रका केहि गतिविधिमा सहजकर्ताले तपाईंलाई तपाईंको फोन प्रयोग गर्न प्रोत्साहन दिन सक्नुहुनेछ।

## मैले चलचित्र निर्माणका बारेमा कहाँ सिक्न सक्छु?

तपाईंले हाम्रा विगतका समग्री हेर्नका लागि क्यामरा सिक वा इन्टु फिल्मका वेबसाइट हेर्न सक्नुहुन्छ। चलचित्र विकास बोर्डले एउटा नयाँ वेबपेज पनि राख्नेछ जसमा सबै श्रोतसाधन एकै ठाउँमा हुनेछन्। यो सन् २०२२ जुनमा सार्वजनिक गरिनेछ।

तालीमका क्रममा सबै सहभागीले बाल चलचित्र समितिको श्रोतसाधन निर्देशिका प्राप्त गर्नेछन्। चलचित्र निर्माणका बारेमा अझ बढि सिक्न सहयोग पुर्याउनका लगि सहजकर्ताहरूले अनलाइन श्रोतसाधनको सूची पनि बाँड्नेछन्।

ब्रिटिश काउन्सिल र चलचित्र विकास बोर्डले नयाँ श्रोतसाधन र सामाग्रीको पनि विकास गरेर वेबसाइट र सामाजिक सञ्जालमा सार्वजनिक गर्नेछन्।

क्यामरा सिक – 'चलचित्र कसरी बनाउने' श्रृंखला

## कार्यशालमा कुन भाषा प्रयोग गरिनेछ?

प्रशिक्षणको प्रमुख भाषा नेपाली हुनेछ। तर प्राविधिक विषयका लागि अंग्रेजी भाषा चाहिनेछ। सत्रहरूमा नेपाली भाषा नबोल्ने वक्ता पनि हुनेछन्, जसका लागि अनुवाद सेवा दिइनेछ।

## मैले कसरी आवेदन दिन सक्छु?

तपाईंले गुगल फर्मसको माध्यमबाट वा भिडियो वक्तव्यका माध्यमबाट आवेदन दिन सक्नुहुन्छ। तपाईंसँग तपाईंको पेशागत विवरण (CV) वा पेशागत कामका उदाहरणहरूको संकलन (Portfolio) इमेलमार्फत पठाउने वा आवेदन फारममा ती दस्तावेजको डिजिटल सँस्करणको लिंक दिने विकल्पहरू रहनेछन्।

तपाईं अंग्रेजीमा वा नेपाली भाषामा आवेदन दिन सक्नुहुन्छ। आवेदन फारम ब्रिटिश काउन्सिल र चलचित्र विकास बोर्डका वेबसाइटमा राखिएको आह्वानको पृष्ठको अन्त्यमा राखिएको छ।

## मैले भिडियोबाट कसरी आवेदन दिन सक्छु?

भिडियो आवेदनको विकल्प गुगल फर्म्समा पहुँच नभएका आवेदकका लागि हो। तपाईंले यो निर्देशिकाको अन्त्यमा भएका प्रश्नहरू हेरेर जुन क्रममा प्रश्न छन्, त्यहि क्रममा उत्तर दिनुपर्नेछ। भिडियो ५ मिनेट भन्दा लामो नभएको सुनिश्चित गर्नुहोस् र हाम्रो इमेल ठेगानामा भिडियोको लिंक पठाउनुहोस्। विषयमा **"CFS Application Video Submission"** लेख्नुहोस् ताकि हामी तपाईंको आवेदन कहाँ छ भनेर हेर्न सकौं। तपाईंले Google Drive, One Drive, Drop Box, Youtube अथवा Vimeo का लिंकहरू पठाउन सक्नुहुन्छ।

हामीले अंग्रेजी र नेपाली भाषाका आवेदनको मात्र मुल्यांकन गर्नेछौं।

## सहभागीहरू कसरी छानिनेछन्? निर्णयका आधार के हुन्?

एएटा निर्णायक मण्डलले प्रत्येक आवेदन फारम हेर्नेछ। फारममा लेखिएका कुरा वा भिडियोमा भनिएका कुराको आधारमा निर्णय गरिनेछ। मूलतः उम्मेदवारको उद्देश्य र पृष्ठभूमी/अनुभव हेरेर निर्णय गरिनेछ। स्थान र जातीहरूको पर्याप्त प्रतिनिधित्व सुनिश्चित गर्नका लागि हामीले छनोट प्रकृयामा समानता, विविधता र समावेशीतालाई प्राथमिकता दिनेछौं।

सफल आवेदकले आफ्नो पेशागत विकासप्रति र यो क्षेत्रप्रति प्रतिबद्धता व्यक्त गर्नु सक्नुपर्छ।

## कोभिड-१९ ले यो कार्यक्रम र मेरो सहभागितालाई कसरी असर पार्न सक्छ?

हाल नयाँ लहरको जोखिम कम छ, तर भौतिक संलग्नताका क्रममा सबैलाई सुरक्षित राख्नका लागि बाल चलचित्र समितिले राज्यका निर्देशनहरूको पालना गर्नेछ। सबै सहभागीलाई सहभागिताका क्रममा मास्क र सरसफाइका सामग्री उपलब्ध गराइनेछन्।

## मेरो आवेदन सफल भएमा मैले कैले थाहा पाउनेछु?

हामीले ७ जुन सम्ममा चुनिएका सहभागीको घोषणा गर्ने अपेक्षा गरेका छौं। यो अवधी धेरै छोटो भयो भने cfs@film.gov.np मा इमेल गर्नुहोला।

## मैल आफुलाई कसरी अद्यावधिक राख्न सक्छु?

तपाईंलाई बाल चलचित्र समितिका अद्यावधिक जानकारी भविष्यमा प्राप्त गर्ने विकल्प आवेदन फारममा दिइनेछ। हामी तपाईंलाई बाल चलचित्र समितिका भावी अवसर, अद्यावधिक खबर र समाचारका बारेमा इमेल मार्फत जानकारी दिन्छौं। तपाईंले हाम्रो सामाजिक सञ्जालका गतिविधि हेरिरहनका लागि चलचित्र विकास बोर्ड र ब्रिटिश काउन्सिलका पेजहरू पनि लाइक गर्न सक्नुहुन्छ।

## आवेदनका प्रश्नहरू

डिजिटल फारममा भएका सबै अनिवार्य र ऐच्छिक प्रश्नहरू यहाँ दिइएका छन्। तपाईंले आफ्नो आवेदनको तयारी गर्नका लगि यसको प्रयोग गर्न सक्नुहुन्छ।

| | |
|---|---|
| १. | **पुरा नाम** |
| २. | उमेर<br>☐१९ - २५<br>☐२५ - ३२<br>☐३२ - ४०<br>☐ ४०+ |
| ३. | लैंगिकता<br>☐ पुरूष<br>☐ महिला<br>☐ गैर- द्वयसांख्यिक<br>☐ भन्न चाहँदिन |
| ४. | हालको ठेगाना |
| ५. | तालिमपछि तपाईंको सिकाइ लागु गर्नका लागि तपाईं कुन प्रदेशमा जोडिएको हुनुहुन्छ?<br>☐ प्रदेश १<br>☐ प्रदेश २<br>☐ बागमती प्रदेश<br>☐ लुम्बिनी प्रदेश<br>☐ गण्डकी प्रदेश<br>☐ कर्णाली प्रदेश<br>☐ सुदूर पश्चिम प्रदेश |
| ६. | सम्पर्क नम्बर* |
| ७. | तपाईंको भाषा सम्बन्धी सीप बुझ्न हामीलाई मद्दत गर्नुहोस्। नेपाली र अंग्रेजी भाषामा तपाईंको ज्ञानको स्वमुल्यांकन गर्नका लागि तलको खण्डको प्रयोग गर्नुहोस्। तालिममा प्रशिक्षणको प्रमुख भाषा नेपाली हो, तर अंग्रेजी भाषामा अतिथि सत्रहरू पनि रहनेछन्। यो मुल्यांकनले अनुवाद सेवा आवश्यक छ कि छैन भनेर थाहा पाउन हामीलाई मद्दत गर्नेछ।<br><br>☐ नराम्रो (म बुझ्छु तर उत्तर दिन, पढ्न र लेख्न सक्दिन)<br>☐ बोलीचाली मात्र (म मुश्किलले केहि बोल्न सक्छु र केहि सामान्य कुराकानी गर्न सक्छु)<br>☐ राम्रो (दोस्रो वा तेस्रो भाषाका रूपमा बोल्न, पढ्न र लेख्न सक्छु)<br>☐ धेरै राम्रो (बोल्ने, पढ्ने र लेख्ने धेरै राम्रो क्षमता) |
| ८ . | के चलचित्र, सञ्चार सामग्री निर्माण, फोटोग्राफी वा कला शिक्षामा तपाईंको कुनै अनुभव छ?<br>☐ छ<br>☐ छैन<br>☐ हुन सक्छ |
| ९. | चलचित्र निर्माणमा तपाईंको अनुभवलाई कसरी मुल्यांकन गर्नुहुन्छ?<br>१ २ ३ ४ ५ ६ ७ ८ ९ १० |

| | |
|---|---|
| १०. | कृपया हामीलाई आफ्नो बारेमा बताउनुहोस्, स्थानीय समुदाय वा बालबच्चासँग कुनै कामको अनुभव वा उपलब्धी पनि समेट्नुहोला। चलचित्र निर्माणमा अनुभव छ भन्नु भएको छ भने कृपया विवरणहरू दिनुहोला। बढिमा ३०० शब्द। |
| ११. | तपाईंको पेशागत विवरण (CV वा पोर्टफोलियो) PDF format मा अपलोड गर्नुहोस् र त्यसको url तल दिनुहोस्। सिभिको लागि बढिमा २ पृष्ठ र पोर्टफोलियोको लागि बढिमा १० पृष्ठ प्रयोग गर्नुहोस्। तपाईंले cfs@film.gov.np मा आफ्नो सिभी इमेल पनि गर्न सक्नुहुन्छ। विषयमा "CFS Training CV" लेख्नुहोस। ** यो ऐच्छिक हो। सिभि नपठाउने हो भने 'पृष्ठभूमी' खण्डको राम्रो प्रयोग गर्नुहोस्। |
| १२. | उद्देश्यका बारेमा भनाईः  तपाईं यो अवसरमा किन आवेदन दिँदै हुनुहुन्छ? हामीलाई बताउनुहोस्। तपाईं आफुले पाएको यो तालीमलाई कसरी आफ्नो समुदायमा वा बालबच्चासँग लागु गर्नुहुन्छ? (विद्यालय/सामुदायिक क्लब आदिका माध्यमबाट गर्नु राम्रो हुनेछ)। तपाईंको सिकाइले हाल जारी कुनै कामलाई सहयोग पुर्याउँछ भने त्यो पनि थप्नुहोस्। |
| १३. | के तपाईंका कुनै विशेष आवश्यकता छन्? तपाईंको कुनै अपांगता छ भने हामीलाई बताउनुहोस्, हामी त्यसै अनुसार व्यवस्थापन गर्ने प्रयास गर्नेछौं। |
| १४. | तपाईंले यो अवसरका बारेमा कसरी थाहा पाउनुभयो? *<br>☐ सामाजिक सञ्जाल (इन्स्टाग्राम, फेसबुक, ह्वाट्सएप, भाइबर, युट्युब)<br>☐ इमेल<br>☐ मानिसहरूबाट (कसैले बताएको)<br>☐ वेबसाइट<br>☐ समाचारपत्र<br>☐ अन्य |
| १५. | के तपाईं बाल चलचित्र समितिका अद्यावधिक खबर पाउन चाहनुहुन्छ? चाहन्छु भन्नुभयो भने तपाईंले ब्रिटिश काउन्सिल र चलचित्र विकास बोर्डका गतिविधि, अद्यावधिक खबर र अवसरका बारेमा इमेलहरू पाउनुहुनेछ।*<br>☐ चाहन्छु<br>☐ चाहँदिन |
| १६. | यस अवसरका बारेमा आवेदन निर्देशिकामा वा आह्वान पृष्ठमा दिइएको सामग्रीमा नसमेटिएका कुनै प्रश्न छन् जसको उत्तर तपाईं जान्न चाहनुहुन्छ? तपाईं के जान्न चाहनुहुन्छ हामीलाई तल बताउनुहोस् |
| १७. | स्वघोषणाः म पुष्टि गर्छु कि (क) म २७-२९ जेष्ठ २०७९ मा काठमाण्डुमा यो तालीममा सहभागी हुनका लागि उपलब्ध छु। (ख) मलाई कहिल्यै कुनै अपराधका लागि दोषी पाइएको छैन र मलाई छनोट गरिएमा म पुलिस रिपोर्ट उपलब्ध गराउन सक्छु।<br>☐ हो<br>☐ होइन |